प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

सानोठिमी, भक्तपुर।

## स्तर निर्धारण तथा सम्बन्धन महाशाखाको

छोटो अवधिका तालीम कार्यक्रम सम्बन्धन/स्विकृती सम्बन्धी सूचना ।

( प्रकाशित मितिः २०८०।०३।१०)

यस परिषदबाट सम्बन्धन/स्वीकृती लिई छोटो अवधिका तालीम कार्यक्रम संचालन गर्न इच्छुक संघ/संस्थाहरुलाई **परिषद् मधेस प्रदेश कार्यालय, परिषद् बागमती प्रदेश कार्यालय र गण्डकी प्रदेश कार्यालयमा** प्रस्तावना पेश गरि सम्बन्धन/स्विकृतीको प्रक्रिया पुरा गरि सम्बन्धन/स्वीकृतिको लागि तपसिल बमोजिमका मितिमा निर्णय भएका संस्थाहरुले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् नियमावली २०५१ (संशोधन सहित) को परिच्छेद ५ नियम २० अनुसार धरौटी शुल्क वापत रू.२५,०००/- राष्ट्रिय वाणिज्य बैंक, सानोठिमी शाखा स्थित परिषद् कार्यालयको नाममा रहेको धरौटी खाता नं. १७३०१००००००३००६ मा जम्मा गर्नु हुन र यस अगावै सम्बन्धन लिई नियमानुसार धरौटी शुल्क जम्मा भै सकेको अवस्थामा सोहि धरौटी शुल्क जम्मा गरेको बिलको प्रतिलिपि सहित, प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, आर्थिक प्रशासन विनियमावली २०६२ (संशोधन सहित) विनियम १३६ उप विनियम (१) को अनुसूची २१ बमोजिम सम्बन्धन शुल्क रू. ५,०००/- र प्रति थप कार्यक्रम रू. २,०००/- को दरले राष्ट्रिय वाणिज्य बैंक, सानोठिमी शाखा स्थित परिषद् कार्यालयको नाममा रहेको चल्ती हिसाब नं. १७३०१००००००९००६ मा जम्मा गरि सम्बन्धन/ स्वीकृती भएका तालीम प्रदायक संस्थाको लेटर प्याडमा नियमानुसार शुल्क जम्मा गरेको विवरण खुलाई **"सम्बन्धन पत्र पाउँ भन्ने बारे"** बिषय राखी लेखिएको निवेदन, सक्कल बैंक भौचर र प्रतिबद्धता पत्र (विस्तृत विवरण सुचाना साथ सामबेश गरिएको ) र देहाय बमोजिमका अन्य कागजात सहित परिषद् **कार्यालयमा सम्पर्क राख्नु हुन** मिति २०८०।०३।०७ गतेको निर्णयानुसार सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सम्बन्धन पत्र लिन आउँदा अनिवार्य रुपमा ल्याउनु पर्ने अन्य कागजातः** कम्पनी दर्ताको प्रमाणपत्र, गत आ.ब. को कम्पनी अध्यावधिक र कर चुक्ता कम्पनि विधान/कम्पनी प्रबन्ध पत्र र नियमावली ।

सम्बन्धन/स्वीकृती प्रक्रियामा रहेका अन्य संस्थाहरुको विवरण क्रमशः प्रकाशित गरिने छ ।

| परिषद्/प्रदेश कार्यालय | परिषद् कार्यालयको निर्णय मिति |
|---|---|
| मधेश प्रदेश कार्यालय | २०८०।०३।०७ |
| बागमती प्रदेश कार्यालय | २०८०।०३।०७ |
| गण्डकी कार्यालय | २०८०।०३।०७ |

**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्**

**स्तर निर्धारण तथा सम्बन्धन महाशाखा**

**सानोठिमी, भक्तपुर। सम्पर्क नंः ०१-६६३०४०८**